# स्थानीय राजपत्र

## के.आई.सिंह गाउँपालिका, डोटीद्वारा प्रकाशित

खण्ड: ०९ संख्या:०३ मिति:२०८२/०९/१४


**भाग-०२**

## के.आई.सिंह गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कानून यस के.आई.सिंह गाउँपालिकाको राजपत्रमा प्रकाशन गरिएको छ।

### मातृ तथा नवशिशु स्याहार, पोषण र स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८२

**प्रस्तावना:** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) तर्फको मातृ तथा नवशिशु स्याहार, पोषण र स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रममा १ करोड ३४ लाख बजेट विनियोजन भएकोले उक्त बजेटलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा मातृ स्वास्थ्य, नवशिशु स्वास्थ्य,पोषण र स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्डका क्षेत्रसँग सम्बद्ध कार्यक्रमहरुको सुदृढिकरण र निर्दिष्ट उदेश्य बमोजिम कार्य संचालनमा एकरुपता ल्याई कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजिकरण प्रदान गर्ने उद्देश्यका साथ यो निर्देशिका तयार गरिएको छ।

**बिशेष अनुदान अन्तर्गत मातृ तथा नबशिशु स्याहार, पोषण र स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड कार्यक्रम बजेट बाँडफाँड- २०८२।८३**

| क्र.स. | क्रियाकलाप/ कार्यक्रम | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | **सुरक्षित मातृत्व कार्यक्रम** | | |
| १.१ | स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति अभिमुखिकरण कार्यक्रम | 300000 | |
| १.२ | आमा समुह सुद्ढीकरण कार्यक्रम संचालन | 150000 | |
| १.३ | उत्तर प्रसुती घरभेट कार्यक्रम सुद्‌ढिकरण | 200000 | |
| २ | पोषण कार्यक्रम | | |
| २.१ | OTC सेवा सुद्‌ढिकरण तथा ब्यवस्थापन कार्यक्रम | 400000 | |
| २.२ | पोषण मैत्री स्वास्थ्य सेवा अभिमुखिकरण तथा घोषणा कार्यक्रम | 400000 | |
| २.३ | स्वास्थ्य संस्थामा अडियो भिजोल सामग्री ब्यवस्थापन | 350000 | |
| ३ | खानेपानि तथा सरसफाई | | |
| ३.१ | स्वास्थ्य संस्थामा खानेपानि फिल्टर जडान कार्यक्रम | 400000 | |
| ४ | बर्थिङ्ग सेन्टर सुद्‌ढिकरण कार्यक्रम | | |
| ४.१ | बर्थिङ्ग सेन्टरका लागि मेडिकल औजार उपकरण खरिद | 2500000 | |
| ४.२ | थिंङ्ग केन्द्रका लागि फर्निचर तथा व्यवस्थापन सामग्री खरिद। | 700000 | |
| ५ | स्वास्थ्य संसस्थाको न्युनतम सेवा मापदण्ड कार्यक्रम | | |
| ५.१ | स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड समिक्षा तथा Gap पुर्ति कार्यक्रम | 400000 | |
| ५.२ | न्युनतम सेवा मापदण्ड सुद्‌ढिकरण कार्यक्रम(औजार उपकरण खरिद) | 1000000 | |
| ६ | आधारभुत स्वास्थ्य संचालनका लागि सामग्री खरिद | | |
| ६.१ | मेडिकल औजार उपकरण खरिद तथा ब्यवस्थापन | 5700000 | |
| ६.२ | कम्प्युटर, प्रिन्टर, फर्निचर तथा कार्यालय सामग्री खरिद तथा ब्यवस्थापन | 900000 | |
| **जम्मा** | | **13400000** | |

## १. मातृ तथा नवशिशु कार्यक्रम

| | |
|---|---|
| क्रियाकलापको नाम | **१.१ स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति परिचालन तथा अभिमुखिकरण कार्यक्रम** |
| परिचय | स्वास्थ्य संस्थालाई व्यवस्थापकीय हिसावले प्रभावकारी वनाउन सकिएमा संस्थावाट प्रदान गरिने स्वास्थ्य सेवा प्रभावकारी र गुणस्तरिय वनाउन सकिन्छ । "हाम्रो स्वास्थ्य, हाम्रो जिम्मेवारी "भन्ने नारालाई आत्मसाथ गरि स्वास्थ्य संस्थालाई सुदृढ वनाई सेवा प्रवाहमा स्तरियता कायम गरि सेवाको पहुँच वृद्धि गर्न साथै व्यवस्थापन कार्यलाई चुस्त दुरुस्त वनाई सुशासनको प्रत्याभूति दिन सकिन्छ । तसर्थ समितिको हालको अवस्थामा सुधार गरी कार्य क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएको हुनाले स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन सुदृढीकरण अभिमुखिकरण कार्यक्रम गर्न लागिएको हो। |
| कार्यक्रमको उदेश्य | हस्तान्तरण प्रक्रिया बारे ज्ञान हाँसिल गर्न ।<br>स्वास्थ्य संस्थाको व्यवस्थापन तथा सो व्यावस्थापन गर्ने जिम्मेवारी बारे बुझ्न ।<br>व्यवस्थापन समितिका सदस्यहरुले निर्वाह गर्नुपर्ने भुमिकाको बारेमा भन्न सक्नेहुन ।<br>व्यवस्थापन संस्थाको प्रकार तथा उपलब्ध सेवाहरुबारे ज्ञान हाँसिल गर्न ।<br>व्यवस्थापन समितिले आफूले गरिरहेका कार्यहरुको अवस्थाबारे आफै समीक्षा गर्न सक्नेहुन ।<br>व्यवस्थापन समितिको बैठक प्रभावकारी तरिकाले सञ्चालन गर्न सीप सिक्न ।<br>स्वास्थ्य सेवामा समावेशीकरणको अवधारणा, महत्व र प्रक्रियाबारे ज्ञान हाँसिल गर्न ।<br>स्वास्थ्य संस्थाको ३ वर्षे परिकल्पना तथा एक वर्षे कार्ययोजना तयार पार्न ।<br>स्वास्थ्य संस्थाबाट सेवा प्रवाह तथा जनस्वास्थ्यका क्रियाकलापको अवस्था सुधार ल्याउन । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सस्था संचालन तथा ब्यवस्थापन समिति क्रियाशिल रहने छ ।<br>बैठकमा नियमित रुपमा संचालन हुने छ ।<br>स्वास्थ्य सस्था संचालन तथा ब्यवस्थापन समितलाई स्वास्थ्य सेवा सम्वन्धी जानकारि हुने छ।<br>स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिनेको संख्या बृद्धि हुने छ ।<br>कार्यक्रममा पालिका प्रमुख,उपप्रमुख स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थान समिति पदाधिकारि,स्वास्थ्यकर्मि, स्वास्थ्य शाखा, प्रशासनको सहभागिता रहने छ । |
| कार्यक्रम संचालन प्रक्रिया | के आई सिंह गाउँपालिका अन्तर्गतका ७ वटा स्वास्थ्य सस्था संचालन तथा ब्यवस्थापन समितमा कार्यक्रम संचालन गरिने छ । |

| | |
|---|---|
| | कार्यक्रम संचालन गर्दा स्वास्थ्य संस्था बाट प्रदान गरिएका सेवाको समिक्षा गर्नुपर्ने छ।<br>तालिम संचालन गर्दा पावर प्वाईन्ट लगायत अन्य सिकाईका बिधिहरु अपनाउनु पर्ने छ।<br>प्रशिक्षकको रुपमा स्रोत ब्याक्तिको ब्यवस्थापन गर्न सकिने छ।<br>स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्थाको कार्ययोजना तयार गर्नु पर्ने छ।<br>स्वास्थ्य संस्थाको स्वःमुल्याङ्कन गर्नु पर्ने छ।<br>कार्यक्रम संचालनहुदा अनुगमनमा पनि खर्च गर्न सकिने छ। |
| बजेट बाडँफाड | यस शिर्षकमा ३ लाख बिनियोजित गरिएको छ।<br>प्रचलित आर्थिक ऐन कानुनको परिधिभित्र रहि आवस्यकता अनुसार बजेट बाडफाड गर्न सकिने छ।<br>**कार्यक्रम अनुगमन तथा सुपरिवेक्षणः** के आई सिंह गाउँपालिकाले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्नेछ। |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सोको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ। |

| क्रियाकलापको नाम | **१.२ आमा समुह सुदृढीकरण कार्यक्रम।** |
|---|---|
| परिचय | स्वास्थ्य आमा समुह सुद्ढिकरण र स्वास्थ्यकर्मि संचालन कृयाकलापले मातृत्व स्वास्थ्य तथा बालस्वास्थ्यका क्षेत्रमा सुधार गर्ने प्रक्रियामा समुदयमा रहेका आमा समुहका सदस्यहरुलाई प्रशिक्षण प्रदान गर्दछ।<br>यस क्रियाकलापले आमा समुहका सदस्यहरुलाई आमा समुहको बैठकमा स्वास्थ्यकर्मिहरु उपस्थिति भई वाल स्वास्थ्य, प्रजनन स्वास्थ्य, स्वास्थ्य व्यवहार परिवर्तन,खोप तथा पोषण लगायतका स्वास्थ्य शिक्षा प्रदान गर्न यो क्रियाकलाप राखिएको छ। |
| कार्यक्रमको उदेश्य | आमा समुहका सदस्यहरुलाई सक्रिय गराई आमा समुह सुद्ढिकरण गर्ने।<br>स्वास्थ्यकर्मिहरु द्वारा आमा समुहमा वाल स्वास्थ्य प्रजनन स्वास्थ्य परिवार योजना स्वास्थ्य व्यवहार परिवर्तन खोप तथा पोषण शिक्षा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | आमा समुह क्रियाशिल रहने छ।<br>आमा समुहको बैठकमा स्वास्थ्यकर्मिहरुको अनिवार्य उपस्थिति हुनेछ।<br>समुदायस्तरमा स्वास्थ्य सेवा सम्वन्धी सचेतनाको बृद्धि हुने छ स<br>स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिनेको संख्या बृद्धि हुने छ। |

| | |
|---|---|
| कार्यक्रम संचालन प्रक्रिया | के आई सिंह गाउँपालिका अन्तर्गतका ७७ वटा महिला स्वास्थ्य स्वयंसेविकाहरुको आमा समुहमा वजेटको परिधिभित्र रहि सम्वन्धित वडाको स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मिले बैठकमा उपस्थिति भई स्वास्थ्य शिक्षा प्रदान गर्ने र अनिवार्य रुपमा उपस्थिति तथा प्रतिबेदन पेश गर्ने । स्वास्थ्य शाखा बाट कार्यक्रम संचालन हुदा कार्यक्रमको अनुगमन गर्ने ।<br>आमा समुहको सुद्‌ढिकरण तथा शसक्तिकरण गर्नाका लागि आमा समुहमा आवश्यक रजिष्टर र डटपेन ब्यवस्थापन गर्ने । |
| बजेट बाडँफाड | यस शिर्षकमा १ लाख ५० हजार बिनियोजित गरिएको छ ।<br>नेपाल सरकारको सार्वजनिक खर्च नियम नियमावली तथा कानुनको परिधिभित्र रहि बजेट खर्च गर्ने ।<br>प्रचलित आर्थिक ऐन कानुनको परिधिभित्र रहि आवस्यकता अनुसार बजेट बाडफाड गर्न सकिने छ ।<br>**कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण:** के आई सिंह गाउँपालिकाले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्नेछ । |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ । |

| | |
|---|---|
| क्रियाकलापको नाम | **१.३ उत्तर प्रसुती घरभेट कार्यक्रम सुदृढीकरण कार्यक्रम ।** |
| परिचय | हाम्रो देशको मातृ मृत्युदर उल्लेखनिय अवस्थामा घटाउन नसकिरहेको अवस्थामा आमाहरुको मृत्यु सबै भन्दा धेरै सुत्केरी अवस्थामा हुने भएको हुनाले सुत्केरी अवस्थामा आमाहरुको स्वास्थ्य जाँच गरि जटिलताहरु पहिचान गरि सोको ब्यवस्थापन गरि आमा तथा बच्चाको मृत्युहुन बाट बचारउन बजेट तथा कार्यक्रम ब्यवस्थापन गरिएको हो । |
| कार्यक्रमको उदेश्य | सुत्केरी अवस्थामा आमा तथा वनजात शिशुको जाँच गरि जटिलताका अवस्थाहरु समयमै पहिचान, व्यवस्थापन तथा प्रेषण गरि मातृ तथा शिशु मृत्युदर कम गर्ने । |
| अपेक्षित प्रतिफल | कार्यक्रम संचालन भए पश्चयात सुत्केरी पछिको जाचँमा उल्लेखिनिय सुधार भई समयमै जटिलताहरु पहिचान, व्यवस्थापन तथा प्रेषण भई मातृ तथा शिशु मृत्युदर कम हुनेछ । |
| कार्यक्रम संचालन प्रक्रिया | कार्यक्रमको समिक्षा गर्दै PNC होम भिजिट निरन्तरता दिनु पर्ने छ । कार्यक्रम वर्षमा २ पटक गर्न सकिने छ ।<br>यसरि समिक्षा कार्यक्रम संचालन गर्दा PNC Home Visit कार्यक्रमको शुक्ष्म योजना तथा संचालन मार्गदर्शन (PNC Home Visit Micro Planning Guideline) |

| | |
|---|---|
| | २०७६ अनुसार गर्नुपर्ने छ।<br>PNC Home Visit कार्यक्रममा जादा Nursing Staff लाई PNC Home Visit Bag को ब्यवस्थापन गर्ने।<br>PNC Home Visit Bag मा रहने सामग्रिहरु<br>PNC Job Aid Flex, BP Instrument, Stethoscope, Thermometer, Gloves, Torch Light, measuring Tape, Dressing Set Betadine लगायतका स्वास्थ्य संस्थामा नभएका सामग्रिहरु आवश्यकता अनुसार खरिद गर्न सकिने छ। |
| बजेट बाडँफाड | यस शिर्षकमा २ लाख बिनियोजित गरिएको छ।<br>अर्थ मन्त्रालयको कार्य संचालन मार्गदर्शन अनुसार कार्यक्रम संचालन गर्ने।<br>प्रचलित आर्थिक ऐन कानुनको परिधिभित्र रहि आवस्यकता अनुसार बजेट बाडफाड गर्न सकिने छ।<br><br>**कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण:** के आई सिंह गाउँपालिकाले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्नेछ। |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ। |

## २. पोषण कार्यक्रम

| | |
|---|---|
| क्रियाकलापको नाम | **२.१ OTC सेवा सुदृढीकरण तथा ब्यवस्थापन कार्यक्रम।** |
| परिचय | पोषण कार्यक्रम अन्तर्गत शिध्र कुपोषण ब्यवस्थापन एउटा महत्वपुर्ण कार्य हो।<br>स्वास्थ्य संस्था स्तरमा ६-५९ महिनासम्मको शिघ्र कुपोषण भएका तथा खानाको रुचि भएका एबं मेडिकल जटिलता नभएका बालबालिकाहरुलाई बहिरंग उपचार केन्द्र (OTC) मा भर्ना गरेर सेवा प्रदान गरिन्छ। राष्ट्रिय पोषण रणनिति अनुसार एक स्थनिय तहमा कम्तिमा एक वा एक भन्दा बढी बहिरंग उपचार केन्द्र स्थापना भएको हुनु पर्दछ। बहिरंग उपचार केन्द्र (OTC) स्थापना भईसकेको अवस्थामा सुदृढीकरण गरि प्रभावकारी तरिकाले शिघ्र कुपोषित बालबालिकाको उपचार गर्नु पर्दछ। सो का लागि बहिरंग उपचार केन्द्र लाई (OTC) आई माम निर्देशिकामा उल्लेख भए अनुसारका सामाग्रीहरु आपुर्ति गर्ने, स्वास्थ्यकर्मिहरुलाई नियमित रुपमा स्थलगत भ्रमणहरु बाट क्षमता अभिबृद्धि गर्ने,बिभिन्न माध्यमबाट ५ बर्ष मुनिका वालवालिकाको पोषण |

| | |
|---|---|
| | लेखाजोखा गर्ने, सुमुदाय स्तरमा माशिक रुपमा मुवाक टेपको प्रयोग गरि महिला सामुदायिक स्वास्थ्य स्वंसेविकाहरु बाट पोषणको लेखाजोखा गरि शिध्र कुपोषित बालबालिकाहरुलाई स्वास्थ्य संस्थामा प्रेषणका लागि प्रेषण गर्ने, कार्यक्रमको नियमिति रुपमा अनुगमन गर्ने, नियमित प्रतिबेदन तयार गरि समयमानै पेश गर्ने । |
| कार्यक्रमको उदेश्य | बालबालिकालाई कडा शिघ्र कुपोषणको उपचार तथा प्रेषण गर्ने ।<br>बालबालिकालाई साथै हेरचाहार गर्ने अभिभावकहरुलाई पोषण सम्वन्धी ज्ञान तथा शिप प्रदान गर्ने ।<br>६ महिना मुनिका शिशु मेडिकल जटिलता भएका भोक जाचँ पास नभएका सुकेनाश, सहितको फुकेनाश भएका र कुषोषण जन्य कारणले सुन्निएको तह तेस्रो भएका ६ महिना देखी ५९ मिहिनाका वालवालिकालाई अंतरंग उपचार केन्द्र  वा पोषण पुर्नस्थापना गृहमा प्रेषण गर्ने ।<br>शिध्र कुपोषण ब्यवस्थापन बारे स्थलगत अनुशिक्षण गर्ने ।<br>समुदाय स्तरमा पोषण लेखाजोखा कार्यक्रम संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | कडा शिघ्र कुपोषणको व्यवस्थापन गरि  बालबालिकाहरुलाई मृत्यु हुन बाट बचाउने र अभिभावकहरुमा खाना तथा पोषणको बारेमा चेतना अभिबृद्धि गरिएको हुनेछ ।<br>शिध्र कुपोषण ब्यवस्थापनका लागि स्वास्थ्यकर्मिको क्षमता अभिबृद्ध भएको हुने छ ।<br>समुदायमा रहेका ५ वर्ष मुनिका कुनै पनि बालबालिका कुपोषण बाट मुक्त हुनेछन । |
| कार्यक्रम संचालन प्रक्रिया | स्थापना भई सकेका बहिरंग उपचार केन्द्र लाई (OTC) प्रभावकारि रुपमा संचालन तथा सुद्ढिकरण गर्ने । सो गर्नका लागि स्वास्थ्य संस्थामा होडिङ्ग बोर्ड राख्ने, आवश्यक पोषण सामग्रि जस्तै तौल तथा उचाई लिने मेसिन, MUAC टेप, RUTF, भिटामिन ए, अल्वेण्डाजोल,एमोक्सिसिलिन लगायतका औषधी, आईमाम रजिष्टर लगाएतका अभिलेख तथा प्रतिबेदन फारामहरुको व्यवस्थापन गर्ने।<br>स्वास्थ्यकर्मिहरुलाई स्थलगत अभिमुखिकरण गर्ने ।<br>पालिका स्तरिय अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>यस आर्थिक बर्ष भित्र सम्वन्धित वडामा रहेका स्वास्थ्य संस्थाको सहयोगमा  पोषणको लेखाजोखा गरि ६ महिना देखि ५९ महिना सम्मका शिध्र कुपोषण भएका बालबालिकालाई बिहिरंग उपचार केन्द्रमा बाट उपचार दिने ।<br>स्वास्थ्य संस्था प्रमुखले सबै स्वास्थ्य कर्मि तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु संग बैठक कार्ययोजना निर्माण गर्ने ।<br>प्रत्येक टोलमा ६ महिनाको फरकमा वर्षको २ पटक  ६ देखि ५९ महिनाका सम्पुर्ण बालबालिकाहरुको MUAC टेपको सहयोग बाट पाखुराको नाप लिने र ति बालबालिकाको पोषणको अवस्था पत्ता लगाउने । |

| | |
|---|---|
| | गुणस्तरिय रुपमा बहिरंग उपचार केन्द्र बाट सेवा प्रदान गर्न स्वास्थ्यकर्मिहरुलाई स्थलगत प्रशिक्षण गर्ने ।<br>**पालिकामा रहेका ओ टी सि संचालनका लागि स्वास्थ्यकर्मि तथा महिला स्वास्थ्य स्वयंसेविकाका लागि संचार यातायात तथा उत्प्रेरण खर्चको लागी**<br>प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मिहरु बाट पाचँ बर्षमुनिका शिध्र कुपोषित बालबालिकाहरु पत्ता लगाई उपचारमा लाई पुर्ण उपचार गराउनका लागि यो क्रियाकलाप समाबेस गरिएको छ । यो क्रियाकलाप अन्तर्गत प्रत्येक महिला सामुलायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई लेखा जोखा बाट पत्ता लागाई आईमाम कार्यारममा भर्ना गराई निको गराए वापत रु. पाचँ सय उपलब्ध गराउने, सोहि बच्चालाई आई माम कार्यक्रमा भर्ना गरि निको गराए वापत २०० उपलब्ध गराउने । |
| बजेट बाडँफाड | यस कार्यक्रमका लागि ४ लाख बजेट बिनियोजन गरिएको छ ।<br>यस कार्यक्रम अन्तर्गत ४ वटा कार्यक्रम संचालन गर्नुपर्ने छ ।<br>प्रचलित आर्थिक ऐन कानुनको परिधिभित्र रहि आवस्यकता अनुसार बजेट बाडफाड गर्न सकिने छ ।<br>**कार्यक्रम अनुगमन तथा सुपरिवेक्षणः** के आई सिंह गाउँपालिकाले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्नेछ । |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ । |
| सन्दर्भ सामग्री | बृहत पोषण तालिम प्याकेज तालिम पुष्तिका,आईमाम निर्देशिका, राष्ट्रिय पोषण रणनिति २०७७, पोषण स्थलगत अनुशिक्षण निर्देशिका |

| | |
|---|---|
| क्रियाकलापको नाम | **२.२ पोषण मैत्री स्वास्थ्य सेवा अभिमुखिकरण तथा घोषणा कार्यक्रम ।** |
| परिचय | महिला बालबालिका सेवा लिन आउदा कुनै बाधा अड्चन बिना गुणस्तिय सेवा पाउनु उनिहरको नैसर्गिक अधिकार हो । ति सेवा पउनको लागि स्वास्थ्य संस्थाहरु पोषण मैत्री भएपछी मात्र सम्भव हुने भएकोले पोषण मैत्री स्वास्थ्य सेवाको अवधारणा आएको हो । पोषण मैत्री स्वास्थ्य संस्था भन्नाले उलेलेखित सुचकहरु अनुसारको मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थालाई बुझिन्छ । पोषण मैत्री स्वास्थ्य संस्था तोकिएको मापदण्ड पुरा भएपछि घोषणा गरिन्छ र सो को निरन्तरताको लागि आउदो वर्षहरुमा पूर्ण सूचक भरि निर्धारिक सूचकहरु नघटेको एकिन गर्नु पर्दछ । |
| कार्यक्रमको उदेश्य | तोकिएको मापदण्ड पुरा गरि तोकिएको स्वास्थ्य संस्थाबाट कम्तिमा एउटा स्वास्थ्य संस्थालाई षोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्ने । पोषण मैत्री स्वास्थ्य संस्था घोषणा र |

| | |
|---|---|
| | तेसको दिगोपनाका लागि सरोकारवालाहरुलाई संलग्न गर्ने । |
| अपेक्षित प्रतिफल | आफ्नो वडा स्तरमा बालबालिका किसोर किसोरी तथा महिलाहरुको पोषण अवस्थामा सुधार भएको हुनेछ । |
| कार्यक्रम संचालन प्रक्रिया | सम्वन्धित सबै ७ वटै वडाका स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका पदाधिकारिहरुलाई पोषण मैत्री स्वास्थ्य संस्था तथा घोषणा प्रकियाको बारेमा अभिमुखिकरण गर्ने ।<br>पोषण मैत्री स्वास्थ्य संस्थाका लागि स्वास्थ्य शाखा बाट चेक लिष्ट भर्ने ।<br>स्थानिय स्तरमा बैठक बसि ( अध्यक्ष, उपाध्यक्ष प्रमुख प्रशासकिय अधिकृत वडा अध्यक्ष , स्वास्थ्य शाखा प्रमुख स्वास्थ्य संस्था प्रमुख स्वास्थ्यकर्मि ) कुन स्वास्थ्य संस्थाले पोषण मैत्री स्वास्थ्य संस्था निर्देशिका २०७९ अनुसारको चेक लिष्टको सूचक अनुशार मापदण्ड पुरा भएको नभएको स्वास्थ्य संस्थालाई पोषण मैत्री स्वास्थ्य संस्थालाई पोषण मैत्री स्वास्थ्य घोषणा गर्ने भनि निर्णय गर्ने ।<br>सोहि निर्णयको आधारमा सम्वन्धित स्वास्थ्य संस्थाको स्वास्थ्य व्यवस्थापन समितिलाई कार्यावन्यनका लागि प्रत्राचार गर्ने ।<br>सम्वन्धित स्वास्थ्य संस्थाले स्वास्थ्य व्यवस्थापन समितिको बैठक बोलाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणाका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने तथा पोषण मैत्री स्वास्थ्य संस्था कहिले र कसरि गर्ने भन्ने वारे निर्णय गर्ने ।<br>सूचको मापदण्ड कुनै पनि स्वास्थ्य संस्थाको अपुग भएमा मापदण्ड पुरा गर्ने यसै रकम लाई स्वास्थ्य शाखाले मापदण्ड पुरा गर्न खर्च गर्ने सक्ने छ । यस पश्चात सम्वन्धित स्वास्थ्य संस्थाले अनुगमनको लागि अनुरोध गर्ने र स्वास्थ्य संस्थाबाट अनुरोध भए बममोजिम स्वास्थ्य शखाले मापदण्ड पुगेको नपुगेको यकिन गर्ने । यदि मापदण्ड पुगेको देखिएमा सोहि अनुसार प्रमुख प्रशासकिय अधिकृत लाई जानकारि गराई पुर्व निर्धारित निर्णय अनुसार पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्ने बिधि माथि छलफल गरि प्रक्रिया अगाडी बढाउने । |
| बजेट बाडँफाड | यस कार्यक्रमका लागि ४ लाख बजेट बिनियोजन गरिएको छ ।<br>प्रचलित आर्थिक ऐन कानुनको परिधिभित्र रहि आवश्यकता अनुसार बजेट बाडफाड गर्न सकिने छ । |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ । |
| सन्दर्भ सामग्री | पोषण मैत्री स्वास्थ्य संस्था निर्देशिका २०७९ |

| क्रियाकलापको नाम | **२.३ स्वास्थ्य संस्थामा अडियो भिजोल सामग्री ब्यवस्थापन** |
|---|---|
| परिचय | समाजको विकासक्रम सँगसँगै स्वास्थ्य शिक्षामा पनि नयाँ आयामहरू थपिंदै गएका छन् । विज्ञान र प्रविधिको विकासले शैक्षिक सामग्रीका रूपमा श्रव्य–दृश्य सामग्री विकसित गरिएका छन् । विशेषगरी सूचना–प्रविधिमा आएको विकासले स्वासथ्य सम्वन्धी जनचेतमा क्रियाकलापमा पनि नयाँ मूल्य र मान्यता स्थापित गरेको छ । स्वास्थ्य शिक्षा सूचना तथा संचार कार्यहरुमा अडियो भिजोल कार्यक्रम पनि एउट महत्वपुर्ण कार्यक्रम हो । यस बाट स्वास्थ्य संस्थामा उपचारका लागि आउने बिरामिहरुले धैरै कुरा हरु सिक्दछन । सेवाग्राहिहरुले सिकेका स्वास्थ्य सम्वन्धि राम्र कुराहरु उनिहरुले आफ्नो जिवनयापनका लागि ब्यवहार परिवर्तनको मार्ग बन्दछ भने आफ्ना समुदाषयमा पनि यसको राम्रो संग प्रचार प्रसार हुने गर्दछ। यस संगै सेवाग्रहिले अडियो भिजोलको माध्यमबाट सुरक्षित मातृत्व,परिवार नियोजन नवशिशु स्वाथ्य पोषण सर्ने तथा नसर्ने रोग तथा स्वास्थ्य शिक्ष सम्वन्धी सचेतनामुलक जानकारीहरु प्रप्त गरि उनिहअअरुको ज्ञान शिप र धारणमा परिवर्तन आउने जस्ता महत्व पुर्ण कार्य हुन सक्दछ। यस कार्यक्रम बाट स्वास्थ्य संस्थामा हुने सेवाग्राहिको भिडलाई ब्यवस्थापन गर्न सम्त लाभादयी हुने गर्दछ । साथै सेवाग्रहिहरुमा स्वास्थ्य आनिबानिर ब्यवहार अपनाउन अभिप्रेरित गर्ने तथा बिभिन्न प्रबद्धनात्म र प्रतिकारात्मक स्वास्थ्य सेवाको जानकारि गर्दै उपभोग गर्न समेत अभिप्रेरित गर्न यो कार्यक्रमको आवश्यकता परेको हो । |
| कार्यक्रमको उदेश्य | समुदायमा देखा पर्ने प्रमुख रोगहरुको नियन्त्रणका लागि प्रवर्द्धनात्मक प्रतिकारात्मक उपयाहरुबारे जाकारि दिने र चेतना अभिबृद्धि गर्ने ।<br>स्वास्थ्य सेवाहरुको उपलब्धता तथा त्यसको उपभोगको महत्व बारे जानकारि गराउने<br>स्वास्थ्य जिवनशैली उपनाउन प्रेरित गर्ने<br>यस गाउँपलिकामा रहेका ५ वटा स्वास्थ्य चौकीमा अडियो भिजोल सम्वन्धी सामग्री आपुर्ति तथा ब्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्था बाट सेवा लिने सेवाग्रहिको स्वास्थ्य सम्वन्धी समसामयिक बिषयमा ज्ञान तथा चेतना अभिबृद्धि भई स्वास्थ्य जिवन शैलिको बिकास हुनेछ । |
| कार्यक्रम संचालन प्रक्रिया | स्वास्थ्य संस्थाकोमा अडियो भिजल सेवाका लागि औजार उपरकण खरिद गर्न पुर्व अनुमान तयार गर्ने ।<br>आवश्यकता अनुसार थप औजार उपकरण समेत खरिद गर्न सकिने छ ।<br>विनियोजित वजेट मध्ये आवश्यकताको आधारमा ढुवानी, जडान कार्य, रिप्यकिङ्गका |

| | |
|---|---|
| | लागि समेत प्रयोग गर्न सकिने छ।<br>औजार अपकरणको लागत अनुमान तयार गर्न,मुल्याङ्कन तथा अनुगमन कार्यमा पनि खर्च गर्न सकिने छ। |
| बजेट बाडँफाड | यस कार्यक्रमका लागि तिन लाख पचास हजार लाख बजेट बिनियोजन गरिएको छ।<br>सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्ने। |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली |

## ३.खानेपानि सरसफाई तथा स्वच्छता कार्यक्रम

| क्रियाकलापको नाम | **३.१ स्वास्थ्य संस्थामा खानेपानी फिल्टर जडान कार्यक्रम** |
|---|---|
| परिचय | खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र मानव विकास र जनस्वास्थ्य संग प्रत्यक्ष सरोकार भएको एक महत्त्वपूणा क्षेत्र हो। नेपालको संविधानको धारा ३० को उपधारा (१) ले स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकार तथा धारा ३५ को उपधारा (४) ले स्वच्छ खानेपानी तथा सरसफाइमा पहँचुलाई नागररकको मौतलक हकका रूपमा प्रत्याभतू गरेको छ। सेवा ग्राहीलाई सुरक्षित पिउने पानी दिनुपर्छ। पानी नाङ्गो आँखाले हेर्दा सफा भएपनि दूषित हुन सक्छ। यसमा आँखाले नदेखिने हानिकारक जीवाणुहरू हुन सक्छन्। यी जीवाणुले शिशु, बालबालिकालाई छिट्टै र बढी असर गर्दछ। त्यसैले दूषित पानी पिउनु हुँदैन। यसको असर आन्द्रा, रगत र अन्य अङ्गहरूमा पर्दछ। खानेपानीमा शरीरलाई हानि गर्ने विषाणु, कीटाणु र परजीवीहरू भए, पानीबाट सर्ने रोगहरू झाडापखाला, जुका, आउँ, टाइफाइड, जन्डिस, आदि हुन्छ भने, हानिकारक रसायन भए दीर्घकालमा छाला, फोक्सो तथा मुत्रासयको क्यान्सर समेत हुन सक्छ। त्यसैले स्वास्थ्य संस्थामा सुरक्षित पानी भएको सुनिश्चित गर्न यो कार्यक्रमको आवश्यकता भएको हो। |
| कार्यक्रमको उदेश्य | स्वास्थ्य संस्थाहरुमा आवश्यक खानेपानिको उपलब्धता सुनिश्चित गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा शुद्ध खानेपानिको समयमै ब्यवस्थापन भई पानी संग सम्वनधित रोगहरुको न्युनिकरण हुने। |
| कार्यक्रम संचालन | स्वास्थ्य संस्थामा खानेपानि फिल्टर जडानका लागि लागत अनुमान तयार गर्ने। |

| | |
|---|---|
| प्रक्रिया | खानेपानि फिल्टर र ड्रम खरिद गर्ने तथा प्रबिधिकहरुको सहयोगमा निर्माण कार्य गर्ने ।<br>आवश्यकता अनुसार थप औजार उपकरण समेत खरिद गर्न सकिने छ ।<br>हात धुने स्टेशन निर्माण गर्ने ।<br>विनियोजित वजेट मध्ये आवश्यकताको आधारमा ढुवानी, जडान कार्य, रिप्यकिङ्गका लागि समेत प्रयोग गर्न सकिने छ ।<br>औजार अपकरणको लागत अनुमान तयार गर्न,मुल्याङ्कन तथा अनुगमन कार्यमा पनि खर्च गर्न सकिने छ । |
| बजेट बाडँफाड | यस कार्यक्रमका लागि ४ लाख बजेट बिनियोजन गरिएको छ ।<br>सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्ने। |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली |

## ४. बर्थिङ्ग सेन्टरका सुद्ढिकरण कार्यक्रम लागि औजार उपकरण खरिद ।

| | |
|---|---|
| क्रियाकलापको नाम | **बर्थिङ्ग सेन्टरका लागि मेडिकल तथा फर्निचर औजार उपकरण खरिद ।** |
| परिचय | गुणस्तरिय आमा तथा नवजात शिशु स्वास्थ्यका लागि औजार उपकरण खरिद गरि गुणस्तरिय प्रसुति सेवा प्रदान गर्नका लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो ।<br>गर्नका लागि यो क्रियाकलाप राखिएको हो । |
| कार्यक्रमको उदेश्य | बर्थिङ्ग सेन्टरमा मेडिकल तथा अन्य आवश्यक औजार उपकरणको उपलब्धता सुनिश्चित गर्ने ।<br>। |
| अपेक्षित प्रतिफल | बर्थिङ्ग सेन्टरमा आवश्यक औजार उपकरण समयमै आपुर्ति हुदा औजार उपकरणको अभाव नहुने । |
| कार्यक्रम संचालन प्रक्रिया | बर्थिङ्ग सेन्टर सुद्ढिकरणका लागि औजार उपरकण खरिद गर्न पुर्वअनुमान तयार गर्ने ।<br>यस अन्तर्गत दुई वटा शिर्षकमा खरिद गर्न सकिनेछ ।<br>**४.१ बर्थिङ्ग सेन्टरका लागि मेडिकल औजार उपकरण खरिद ।**<br>**४.२ बर्थिङ्ग केन्द्रका लागि फर्निचर तथा व्यवस्थापन सामग्री खरिद ।**<br>औजार उपकरण खरिद गर्दा आमा सुरक्षा कार्यक्रम निर्देशिका २०७९ तथा स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड २०७७ बमोजिम गर्नु पर्ने छ ।<br>आवश्यकता अनुसार थप औजार उपकरण समेत खरिद गर्न सकिने छ । |

| | |
|---|---|
| | विनियोजित वजेट मध्ये आवश्यकताको आधारमा ढुवानी, जडान कार्य, रिप्यकिङ्गका लागि समेत प्रयोग गर्न सकिने छ।<br>औजार अपकरणको लागत अनुमान तयार गर्न,मुल्याङ्कन तथा अनुगमन कार्यमा पनि खर्च गर्न सकिने छ। |
| बजेट बाडँफाड | यस कार्यक्रमका लागि ३२ लाख बजेट बिनियोजन गरिएको छ।<br>सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्ने। |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली, आमा सुरक्षा कार्यक्रम निर्देशिका २०७९, संस्थाको न्युनतम सेवा मापदण्ड २०७७ |

**५. स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड कार्यक्रम।**

| | |
|---|---|
| क्रियाकलापको नाम | **५.१ स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड समिक्षा तथा Gap पुर्ति कार्यक्रम** |
| परिचय | स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रको न्युनतम सेवा मापदण्डको, अभिमुखिकरण, फलोअफ तथा अनुगमन, समिक्षा तथा सुद्ढीकरण। |
| कार्यक्रमको उदेश्य | न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा सुद्ढिकरण स्वास्थ्य चौकि तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रको न्युनतम सेवा उपलब्धताको अवशथा बारे मुल्याङ्कन गरि आवश्यकता अनुसार सुद्ढीकरण गर्ने।<br>कमिकमजोरिको आधारमा योजना बनाउने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य चौकिको न्युनतम सेवा मापदण्ड अभिमुखिकरण कार्यक्रम बाट सरोकारवाला तथा स्वास्थ्यकर्मिको सुचक सम्वन्धी ज्ञान र बुझाईमा एकरुपता हुने छ ।<br>स्वास्थ्य चौकिको न्युनतम सेवा मापदण्डको समिक्षा बाट कार्यक्रमको हालसम्मको उपलब्धि र समस्याको पहिचान भई आगामिदिनमा गुणस्तरिय सेवा प्रवाह गर्न सहज हुने छ। |
| कार्यक्रम संचालन प्रक्रिया | गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, स्वास्थ्य चौकी संचालन तथा ब्यवस्थापन समिति अध्यक्ष र स्वास्थ्यक्रमीको सहभागितामा १ दिने पालिका स्तरिय अभिमुखिकरण संचालन गर्नुपर्ने छ। |

| | |
|---|---|
| | न्युनतम सेवा मापदण्ड सम्वन्धी  बर्षको दुई पटक फलोअफ गर्ने यसरि फलोअफ गर्दा स्वास्थ्य कार्यालयको फोकल पर्सन तथा प्रतिनिधिलाई सहभागि गराउने।<br>समिक्षा गर्दा कार्यक्रम संचालनमा  देखा परेका राम्र पक्ष र समस्या तथा चुनौति र सोको समधान बारे छलफल गर्ने।<br>स्वास्थ्य संस्थाको गुणस्तरिय सेवा र सुद्ढीकरणका लागि न्युनतम सेवा मापदण्डमा देखा परेका समस्या पहिचान गरि समधानका लागि आवश्यक औजार उपकरण लगायत अन्य सामाग्रिहरु खरिद गर्न सकिने छ। |
| बजेट बाडँफाड | यस कार्यक्रमका लागि ४ लाख बजेट बिनियोजन गरिएको छ।<br>अर्थ मन्त्रालयको कार्यसंचान निर्देशिका अनुसार खर्च गर्ने। |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ। |
| सन्दर्भ सामग्री | स्वास्थ्य चौकिको न्युनतम सेवा मापदण्ड सम्वन्धि Tools   अभिमुखिरण मार्गदर्शन। |

| | |
|---|---|
| क्रियाकलापको नाम | **५.२ न्युनतम सेवा मापदण्ड सुद्ढिकरण कार्यक्रम(औजार उपकरण खरिद)** |
| परिचय | स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि न्युनतम सेवा मापदण्ड बममोजिम  औजार उपकरण खरिद  गर्ने। |
| कार्यक्रमको उदेश्य | स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्डका लागि औजार उपकरणको उपलब्धता सुनिश्चित गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्डका लागि औजार उपकरणको उपलब्धता सुनिश्चित गरि गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह हुनेछ। |
| कार्यक्रम संचालन प्रक्रिया | स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्डका लागि औजार उपरकण खरिद गर्न पुर्वअनुमान तयार गर्ने।<br>औजार उपकरण खरिद गर्दा स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड २०७७ बमोजिम तथा मागका आधारमा  गर्नु पर्ने छ।<br>आवश्यकता अनुसार थप औजार उपकरण समेत खरिद गर्न सकिने छ।<br>विनियोजित वजेट मध्ये आवश्यकताको आधारमा ढुवानी, जडान कार्य, रिप्यकिङ्गका लागि समेत प्रयोग गर्न सकिने छ।<br>औजार अपकरणको लागत अनुमान तयार गर्न,मुल्याङ्कन तथा अनुगमन कार्यमा पनि खर्च गर्न सकिने छ। |
| बजेट बाडँफाड | यस कार्यक्रमका लागि १० लाख बजेट बिनियोजन गरिएको छ। |

| | |
|---|---|
| | सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्ने। |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली, संस्थाको न्युनतम सेवा मापदण्ड २०७७ |

## ६. आधारभुत स्वास्थ्य संचालनका लागि सामग्री खरिद।

| | |
|---|---|
| क्रियाकलापको नाम | **मेडिकल औजार उपकरण कार्यालय सामग्रि खरिद तथा ब्यवस्थापन।** |
| परिचय | स्वास्थ्य संस्थामा गुणस्तरिय स्वास्थ्य सेवा सहज र सरल रुपमा प्रवाहका लागि मेडिकल औजार उपकरण तथा कार्यालयको सामग्रि खरिद।<br>स्वास्थ्य संस्थामा सूचना ब्यवस्थापन लाई गुणस्तरिय बनाउनका लागि बिभिन्न प्रविधिहरुको प्रयोग गरिएको छ। जस्तै HMIS, eLmis, eHMIS लगायतका प्रिबिधिहरुको नियमित रुपमा प्रयोग गरि पेपर लेस कार्य गर्नका लागि स्वास्थ्य संस्थामा प्रिन्टर र ल्यापटपको प्रयोग गर्नका लागि यो क्रियाकलाप राखिएको हो। |
| कार्यक्रमको उदेश्य | स्वास्थ्य संस्थामा आवश्यक औजार उपकरणको उपलब्धता सुनिश्चित गर्ने।<br>सूचना ब्यवस्थापन लाई व्यवस्थित बनाउने।<br>स्वास्थ्य क्षेत्रमा भएका सेवा प्रवाहलाई डिजिटलाईजेसन बनाउने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थामा आवश्यक औजार उपकरण समयमै आपुर्ति हुदा गुणस्तरिय स्वास्थ्य सेवाका साथै औजार उपकरणको अभाव नहुने।<br>स्वास्थ्य संस्थामामा डिजिटलाईजेसन हुने। |
| कार्यक्रम संचालन प्रक्रिया | आधारभुत स्वास्थ्य संस्थाका लागि औजार उपरकण खरिद गर्न पुर्वअनुमान तयार गर्ने।<br>यस अन्तर्गत दुई वटा शिर्षकमा खरिद गर्न सकिनेछ।<br>**६.१ मेडिकल औजार उपकरण खरिद तथा ब्यवस्थापन ।**<br>**६. २ कम्पुटर, प्रिन्टर, फर्निचर तथा कार्यालय सामग्री खरिद तथा ब्यवस्थापन।**<br>औजार उपकरण खरिद स्वास्थ्य संस्थामा आवश्यकताको आधारमा तथा थप सेवाको किसिम बमोजिम गर्नु पर्ने छ।<br>आवश्यकता अनुसार थप औजार उपकरण समेत खरिद गर्न सकिने छ।<br>विनियोजित वजेट मध्ये आवश्यकताको आधारमा ढुवानी, जडान कार्य, रिप्यकिङ्गका लागि समेत प्रयोग गर्न सकिने छ।<br>औजार अपकरणको लागत अनुमान तयार गर्न,मुल्याङ्कन तथा अनुगमन कार्यमा पनि खर्च गर्न सकिने छ। |

| | |
|---|---|
| बजेट बाडँफाड | यस कार्यक्रमका लागि ६६ लाख बजेट बिनियोजन गरिएको छ ।<br>सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्ने। |
| अभिलेख तथा प्रतिबेदन | कार्यक्रम संचालन भए पश्चयात स्वास्थ्य शाखाले अभिलेख राख्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने छ । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली, स्वास्थ्य संस्था संचालन मापदण्ड |

**कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०७/२०**

आज्ञाले,
हिमाल डंगौरा
प्रमुख प्रशासकीय अधिकृत